श्री राम चन्द्र मिशन ®

ECHOES NEPAL

नोभेम्बर २०१३ खण्ड २, अंक ६

## सेप्टेम्बर २०१३









### वेलारुसको मिन्स्क आश्रमको उद्घाटन

१ सेप्टेम्बर, आईतबारको दिन मालिक संधैको जस्तो गीताको सत्रमा सहभागी हुनुभयो । त्यस सत्र पछि मालिक कार्यालय कक्षमा आउनुभयो र यो निश्चित गर्नुभयो कि मणपक्कममा भएका सबै अभ्यासी तथा LMOIS मा भएका रुसका विद्याथीहरू कक्ष भित्र रहेका छन् भनेर निश्चित गर्नुभयो ता कि तिनीहरू सबै यस कार्यक्रमको भाग हुन सकुन् । उहाँले मिन्स्कमा भएका अभ्यासीहरूसित भिडियो सम्पर्कको माध्यमद्वारा सम्बोधन गर्नुभयो र भन्नुभयो "हाम्रो लागि यो रशियन आश्रम हो र हाम्रा अझ धेरै आश्रमहरू हुनेछन् ।" उहाँले थप भन्नुभयो कि उहाँको स्लेभोनिक व्यक्तिहरूसित धेरै लामो सम्बन्ध छ, हुन सक्दछ पूर्व जन्म देखिको होस् । उहाँ अझै एक पटक रुसको भ्रमण गरेर सबैलाई भेटने इच्छा रहेको कुरा व्यक्त गर्नुभयो । "यो यस कारणले कि म तपाईं सबैलाई बारम्बार भेट्न मन पराउँदछु ।" उहाँले ओमेगा स्कुलमा रुसबाट पढ्न आएका आधा दर्जनभन्दा बढी बालवालिकालाई चिह्नुभयो र भन्नुभयो "म चाहना गर्दछु कि झन् बढी विद्यार्थीहरू आउन् । सम्वादको अन्त्यमा उहाँले सत्सङ्ग सञ्चालन गर्नुभयो र सतसङ्ग पश्चात प्रसाद अर्पण गर्नुभयो र रुसी भाषा वोल्ने सबै अभ्यासीहरूलाई वितरण गर्नुभयो ।

मालिकको स्वास्थ राम्रो हुँदै गईरहेको छ र एक दिन उहाँ 'वाकर' प्रयोग गरेर बाहिर आउनुभयो र त्यहाँ बस्नु भयो । यो धेरै लामौ अवधि पश्चात थियो कि मालिक हिड्न सक्षम भएर बाहिर आउनु सक्नुभयो ।

मालिक आफ्नो धेरै समय र ध्यान त्यस इतिहास टोलीलाई दिईरहनुभएको थियो । उहाँले तिनीहरूलाई भन्नुभयो "तपाईंहरू आउनुहोस् मलाई सहज मार्गको इतिहासको बारेमा सोध्नुहोस् म सम्भव भएसम्म बढी उत्तर दिनेछु ।" त्यसैले प्रतयेक दिन यो टोली विहान कटेजमा आउने गर्दथियो । मालिक विहानको नौ बजेसम्ममा तयार भइसक्नु हुन्थ्यो । उहाँ सिटिङ्ग दिनु हुन्थ्यो र प्रश्न उत्तरको सत्र सुरु हुन्थ्यो जुन एक घन्टा बढी सम्म चल्दथियो । यस्तो छलफलमा मालिकले भाग लिनु भएको हेर्न पाउँनु एउटा हेर्न लायकको विषय थियो । उहाँहरू आफूलाई







प्रेरित गर्न कुनै खास कुरा गर्नु हुँदैन थियो तर उहाँमा नै निहित स्व-प्रेरणालाई अगाडि ल्याउनु हुन्थ्यो जसको प्रभाव उहाँको वरिपरि भएको व्यक्तिमा पर्न जान्थ्यो ।

आईतबारको दिन नियमित सत्सङ्ग ब्रदर कमलेशले सञ्चालन गर्नुभयो र कटेजको आँगनमा ब्रदर संस्कृत कानननले गर्ने गीता सत्र सञ्चालन जारी रहयो । त्यस सत्रमा गीताको दोस्रो भाग चलिरहेको छ । जसमा ज्ञानको बारेमा वर्णन छ । त्यस सत्रको उपस्थितिमा बृद्धि हुँदै गइरहेको छ जुन एउटा व्यक्ति विहानको ९:०० बजेको मालिकसित रहेर सत्रमा सहभागी हुन चाहनेहरूको लामबाट देख्न सकिन्छ ।

११ सेप्टेम्बर, बुधबारको दिन मालिकले आश्रम ठीक पछाडि रहेको डा. नटवरको आवासको उद्घाटन गर्नुभयो । उहाँ आवासको चारैतिर घुम्नु भयो र त्यहाँ जम्मा भएका करिब चार सय अभ्यासीहरूको लागि करिब पैतालिस मिनेट सत्सङ्ग सञ्चालन गर्नुभयो । यो कृपाले भरिपूर्ण अवसर थियो । मालिक मध्यान्हमा ढिलो कटेजमा फर्किनुभयो । साँझमा मालिकले साँझमा त्यहाँ जम्मा भएका अभ्यासीहरूको लागि पूनः सत्सङ्ग सञ्चालन गर्नुभयो ।

१२ सेप्टेम्बर, विहिबार, माधुरीको जन्मदिन भएकोले मालिकले उनीलाई भेट्न गायत्री जाने इच्छा गर्नुभयो किनभने उनी घुँडाको शल्यक्रियाबाट सुधार हुँदै थिइन् । गायत्रीमा उहाँले माधुरी र परिवार सित हलमा बसेर सबैसित कुराकानी गरेर समय बिताउनु भयो । मालिकले भन्नुभयो “म मेरो नातिनीको जन्म दिनमा सबै भन्दा खुशी हुन्छु ।”

**ओनम उत्सव**

१६ सेप्टेम्बर सोमबार ओनम पर्व थियो । करिब तीन सय पचास जना अभ्यासी केरलाबाट आएका थिए । विहान सबेरै मालिकले केही समय कटेज अगाडि गर्न लागिएको पुष्पसज्जावट हेरेर बिताउनु भयो । मालिकले सबैलाई ओनमको शुभकामना दिनुभयो, विहानको नौ बजे मालिक सत्सङ्ग सञ्चालन गर्न डोर्म 'A' मा आउनुभयो, जहाँ अभ्यासीहरू जम्मा भएका थिए । सत्सङ्ग भन्दा अगाडि धार्मिक प्रचलन र मानिसहरूको विश्वासको बारेमा बोल्नु भयो । उहाँले भन्नुभयो यहाँ कोही हिन्दु, क्रिश्चियन, मुश्लिम छैनन् तर हामी सबै मानव जीव हौं । प्रेम नै सबै भन्दा महत्वपूर्ण पक्ष हो र यस्ता सबै विश्वासहरूलाई जित्ने एउटा मात्रै साधन हो । मालिकले भन्नुभयो सबै र प्रत्येक अभ्यासी सहज मार्गको एक दुत हुन तथा प्रशिक्षक र अभ्यासीको बीचमा कुनै फरक छैन र सबैले मिशनको बृद्धिमा सहभागी हुनु पर्दछ । मध्यान्हमा भान्साघरमा ओनम पर्वको विशेष भोज तयार गरियो भोजनको लागि मालिकलाईर कटेजमा पठाइयो ।

१८ सेप्टेम्बरमा मालिक गार्डेन अफ हर्टमा ब्रदर सतविरको घरमा त्यस दिन विहान उहाँलाई अस्वस्थ नै भएपनि जानुभयो, चिकित्सकहरू कटेजको मरम्मत कार्य रोकेर भएपनि आश्रममा नै रहनुहोस् भनेर सुझाव दिईरहेका थिए । मालिकले यस कुरामा जोड दिनु भयो कि उहाँ योजना मुताविक नै काम गर्न चाहनु हुन्छ । उहाँले निर्णय गरिसक्नु भएपछि उहाँलाई पूनः त्यस कुरामा असुविधा नै भए पनि चित्त बुझाउन कठिन हुन्थ्यो ।

सुरुका दुई दिनहरूमा ब्रदर सतविरको घरमा बस्दा मालिकले विहान सत्सङ्ग सञ्चालन गर्नुभयो तर उहाँले यो देख्नुभयो कि अभ्यासीहरू ध्यानहलमा जानुको साटो त्यहाँ नै आइरहेका थिए यसले उहाँलाई दिक्क पाऱ्यो । उहाँले सबैलाई ध्यानहलमा यस्तो भन्दै जान भन्नुभयो “तपाईंहरूले सत्सङ्गमा जहाँ सहभागी भए पनि उही प्राणाहुति पाउनु हुन्छ ।”

२१ सेप्टेम्बर, शनिबारः मालिक गायत्री जानु भयो । उहाँ पूर्ण उत्साहमा हुनुहुन्थ्यो, उहाँ परिवाका सबै सदस्यहरूसित कुरा गरिरहनुभएको थियो र सिधै विहानको खाजा खान जानुभयो । विहानको खाजा पछि, मालिक आफ्नो कार्यालयमा जानु भयो र आफ्नो कम्प्युटरमा अर्न्तवार्ताका केही सत्रहरू हेर्नुभयो । त्यसपछि मालिकले केही अभ्यासीहरूलाई भेट्नुभयो र सबैलाई सिटिङ्ग दिने निर्णय गर्नुभयो । मालिकले यु.एस.ए. बाट एउटा नयाँ “व्हिल चेयर” प्राप्त गर्नु भएको छ जुन बढी सुविधा सम्पन्न छ र सबै सुविधाहरू मिलाउन सकिने किसिमको









छ । यसको सुविधाहरू जाँच गर्न उहाँ खुशी हुनुहुन्छ ।

दिउँसोको खाना पछि मालिक हलमा आएर बस्नुभयो जहाँ युरोपबाट आएका अभ्यासीहरूको एक समुह जम्मा भएका थिए । मालिकले सासको कमी भएको गुनासो गर्नुभयो र डेनमार्कबाट आउनुभएकी एक सिस्टरले उहाँलाई एउटा तरिका सिकाउनु भयो, यसले चमत्कार जस्तो काम गऱ्यो र पाँच मिनेट भित्र नै मालिकको स्वास प्रस्वाँस धेरै राम्रो हुन पुग्यो । साँझमा मालिकले आश्रममा सबैलाई यो जानकारी गराउन भन्नुभयो कि उहाँ गायत्रीमा आराम गर्न आउनुभएको छ ।

२२ सेप्टेम्बर, आईतबार, मालिकले गायत्रीमा सत्सङ्ग सञ्चालन गर्नुभयो र हलमा केही विवाह सम्पन्न गर्नुभयो तथा नयाँ जोडी लाई आर्शिवाद दिनुभयो ।

अर्को दुई दिन मालिक मिशनको लागि चेन्नाई भन्दा करिब पैत्तालिस कि.मि. पश्चिममा रहेको तिरुवल्लुरको लागि जमिन किन्न व्यस्त रहनु भयो । जमिनको स्वामित्व हुने सबै परिवारका सदस्यहरू गायत्रीमा आए, र मालिकले सबैजनालाई भेटनु भयो र यो निश्चित गर्नुभयो कि सबैजनाले खाना खाउन, सम्झौता गर्न र खरिदको कागत तयार गर्न तीन सय हस्ताक्षर गर्नु निकै ठूलो काम थियो तर मालिकको काम गरिरहदा अनुहारमा मुस्कान थियो र दुबै दिनको राती ढिलासम्म उहाँ काम गरि नै रहनु भयो । यसले गर्दा मालिक साँच्चिकै खुशी हुनु भयो जब हामी काम गर्दा खुशी हुन्छौं भने त्यहाँ कुनै दुःख रहदैन् ।

२८ सेप्टेम्बर, शनिबार, मालिक फर्किएर आउनु भयो । नोवेम्बरको लागि एउटा सेमिनार आयोजना गरिएको थियो, यसको विषय "अज्ञानताबाट जान्नु, जान्नुबाट नजान्नु" रहेको छ । मालिक यस विषयमा अत्यन्त सङ्लग्न हुनुभएको थियो र छलफल विचार र इच्छाको विषयमा धेरै समयसम्म चलिरहयो । मालिकले भन्नुभयो "इच्छा जान्नु र गर्नुको बीच सम्पर्क सुत्र हो ।" Aude Sapere, सोच्ने आँट गर्नुहोस र तिमीले सोच्ने आँट गरेपछि तपाईंले त्यो गर्न इच्छा गर्नुपर्दछ । जब तपाईं तपाईंको इच्छा प्रयोग गर्नुहुन्छ, तपाईंको विकल्प कम हुन पुग्दछ । यसले सरल जीवन तर्फ लैजान्छ । त्यसैले हेर्नुहोस् सरल बन्न र प्रकृतिसित एक रूप हुन यस प्रकारले हाम्रो इच्छाको उपभोग गरेर विकल्पहरू घटाएर सम्भव तुल्याउँछ । सरल जीवन बाँच्नु सजिलो छैन ।

**तिरुवल्लुरको भ्रमण**

विगत केही दिनहरूमा चेन्नईबाट करिब पैत्तालिस कि.मि. पश्चिममा रहेको तिरुवल्लुर जिल्लाको करिब एक सय तेह्र एकड जग्गाको रजिष्ट्रेशन SMSF को नाममा भयो । मालिकले त्यो जायजेथा हेर्न चाहनु भयो । ब्रदर विनय कृष्णको नेतृत्वमा अभ्यासीहरूले राताराल नै ध्यानको समियानाहरू, मालिकको पाल उठाएर लग्न सकिने ट्वाईलेटहरूको व्यवस्था मिलाए । चेन्नाई तथा वरिपरिका क्षेत्रबाट करिब तीन सय अभ्यासीहरू त्यहाँ जम्मा भए ।

सेप्टेम्बर २८, उहाँ आफ्नो विशेष प्रकारको सिट जोडेको मर्सिडिज भ्यानमा त्यस स्थलमा विहानको करिब ८:३० बजे आइपुग्नु भयो । उहाँले प्रसाद अर्पण गर्नुभयो र ध्यान हलमा आउनु भयो । उहाँले करिब पैतालिस मिनेटको लागि सत्सङ्ग सञ्चालन गर्नुभयो र जम्मा भएकाहरूलाई सम्बोधन गर्नुभयो । उहाँले त्यस जमिनको प्रयोगका बारेमा केही ठूला ठूला दृष्टिकोण राख्नु भयो - एउटा स्वास्थ केन्द्र, एउटा ध्यान हल, कृषि, डेरी फार्मिङ्ग र त्यस्तै अरु कुराहरू । उहाँले भन्नुभयो कि मुख्य गतिविधि त ध्यान नै रहनेछ । तिरुवल्लुर जिल्लाको जिल्ला अधिकारी ब्रदर विरराघव राव, एक नयाँ अभ्यासी हुन र उनले आफूले सकेको जति सबै सहयोग गर्ने वाचा गरे । करिब तीस परिवारका सदस्यहरू जसले जग्गा विक्रि गरेका थिए, त्यहाँ आए र मालिकसित भेट गरे र उनीहरूले उहाँसित फोटो खिचाए, मालिकले उनीहरूलाई प्रसाद वितरण गर्नुभयो । अभ्यासीहरूले एउटा केक ल्याए जुन मालिकले काटनु भयो र सबै लाई वितरण गर्नुभयो । हुन त मालिकको लागि विश्राम गर्न व्यवस्था मिलाईएको थियो, उहाँले विश्राम गर्नु भएन र आफ्नो व्हिल चेयरमा बस्नु भयो र आफ्नो विहानको खाजा खानु भयो । किनिएको सम्पूर्ण जग्गामा खेती पाती लगाइएको थियो र त्यसमा धान, केरा, नरिवल रोपिएको थियो र पुरै हरियो देखिन्थ्यो । त्यसमा धेरै संस्थामा खुल्ला ईनार र बोरिङ्ग इनारहरू थिए । त्यसपछि मालिक चेन्नाई तर्फ प्रस्ताथन गर्नुभयो र फर्कदा बाटोमा पनि सम्भव भएसम्मको जग्गाहरू हेर्नु भयो ।

२९ तारेखको दिन गीताको सत्र पश्चात मालिकले केही समय प्रवचन दिनुभयो । उहाँले भन्नुभयो "अब यो यसरी हामी थुप्रै सत्रहरूमा सहभागी भइसकेपछि र ब्रदर काननले यति विस्तृत रूपमा श्लोकहरूको व्याख्या गरेपछि अब यसको आत्मसात गर्ने समय आएको छ । त्यसैले अर्को दुई वटा आईतबारको दिन हामीहरू प्रश्न उत्तरको सत्र सञ्चालन गर्ने छौं ।

## अक्टोबर २०१३

### चीनीया सेमिनार

१ अक्टुबर, मंगलबार: चीन तथा अन्य देशबाट आएका करिब एक सय दश जना चीनीया अभ्यासीहरू एउटा सेमिनारमा भाग लिन







मणपाक्कममा जम्मा भएका छन् । मालिक यस सेमिनारको प्रतिक्षामा हुनुहुन्छ । आफ्नो कोठाबाट निस्किनु अगाडि मालिकले अभ्यासीहरूलाई अभिवादन गर्ने चीनीया भाषाको केही शब्दहरू सिक्नुभयो, उनीहरू ध्यानहलमा जम्मा भएका थिए । जब उहाँ हिडदै बाहिर आउनु भयो, उहाँले चीनीया भाषामा बोल्नु भयो, यसले थपडिको ठूलो गडगडाहट भयो । मालिकले यस कुराको दु:ख व्यक्त गर्नुभयो कि उहाँले चीनीया भाषा सिक्न सक्नु भएन र अब चीन सम्म भ्रमण गर्नको लागि धेरै बृद्ध भइसक्नु भयो । मालिकले भन्नुभयो कि बढी से बढी चीनीयाहरूले प्रयत्न गरून प्रत्येक वर्ष चेन्नाई आउन । उहाँले गङ्टोक (सिकिम, भारत) आश्रमको उल्लेख गर्नुभयो र भन्नुभयो त्यो रिटिट्रको लागि राम्रो स्थान हो र अभ्यासीहरूले त्यस स्थानको सदुपयोग गर्न सक्दछन् । त्यसपछि मालिकले सिटिङ्ग प्रदान गर्नु भयो । त्यसपछि अभ्यासीहरू डोर्म A मा सेमिनारमा सङ्लग्न भइरहे ।

अर्को दिन मालिक मोटर लगाइएको ह्विल चेयरमा सिस्टर गीतुको आवासको उद्घाटन गर्न जानु भयो । सेमिनारका सहभागीहरू लाई पनि आमत्रंण गरिएको थियो । साँझ उहाँ आश्रममा फर्किनु भयो । मालिक ह्विल चेयरमा केही मात्रामा हिडडुल गरिरहनु भएको हुनाले उहाँको खुट्टाहरूमा फोकाहरू उठे । ति फोकाहरू फुटेको हुनाले उहाँका खुट्टाहरूमा धेरै पिडा भयो । चिकित्सकहरूले छालाको केही भाग झिक्नु पर्‍यो र यो निको नहुन्जेलसम्म उहाँले खुट्टा उठाइरहनु पर्‍यो । जे जस्तो कुराहरू उहाँ भोगिरहनु भएको थियो, त्यसमा यो थप भएको देख्नु दु:ख लाग्ने कुरा थियो ।

ब्रदर पि.आर.कृष्ण ४ अक्टुबरको दिन अरु केही अभ्यासीहरूको साथमा जग्गाको निरीक्षण गर्न तिरुवल्लुर जानु भयो तथा केही प्रारम्भिक योजनाहरू लिएर आउनु भयो । मालिकले भन्नुभयो यस जायजेथा सम्बन्धी सबै प्रयत्नको रेखदेख र सञ्चालन ब्रदर पि.आर.कृष्णाले गर्नु हुनेछ । जहाँ हलको लागि मालिक कृषिमा नै ध्यान केन्द्रित गर्न चाहनु हुन्छ ।

शनिबारको दिन मालिकले सेमिनारका सहभागीहरू लाई विहानको समयमा भेटने योजना बनाउनु भयो तर अस्वस्थता महसुस भएकोले उहाँले बाहिर आउनु सक्नु भएन तर उहाँले करिब बीस अभ्यासीहरू जो त्यही दिन फर्किरहेका थिए, उनीहरूलाई धैर्यपूर्वक भेटनु भयो । ब्रदर कमलेशले सत्सङ्ग सञ्चालन गर्नुभयो र बाँकी सहभागीहरूलाई डार्म A मा सम्बोधन गर्नुभयो ।

आईतबारको दिन मालिक अस्वस्थ रहनु भएकोले उहाँले ब्रदर कमलेशलाई ध्यानहलम सत्सङ्ग सञ्चालन गर्न भन्नुभयो र ब्रदर पि.आर.कृष्णालाई कटेजमा सेमिनारका सहभागीहरूको लागि सत्सङ्ग सञ्चालन गर्न भन्नुभयो । सत्सङ्ग पश्चात मालिक समुहसित केही समय बिताउनु बाहिर आउनु भयो । उहाँको प्रेमले वातावरण नै उत्साहजनक भयो र धेरै अभ्यासीहरूका आँखामा आँसु भरियो । अभ्यासीहरूका हृदय मालिकद्वारा गहिरो रूपमा स्पर्श हुन पुग्यो ।

मालिकले त्यहाँ जम्मा भएका सबैको लागि मिठाई डम्पलिङ्गहरू तयार गरेर पस्किन् भान्सा घरको समुहलाई भन्नु भएको थियो । एउटा छोटो साँस्कृतिक कार्यक्रम चाईनीज तथा भियतनामी



अभ्यासीहरूद्वारा प्रस्तुत भएको थियो । एउटा व्यक्तिले यस सत्रमा सबै कुराहरू दिनु भयो भनेर अनुभव गर्न सक्दथियो । उहाँको अस्वस्थताको बावजुद त्यसै दिन फर्किने अभ्यासीसित समय बिताउनु भयो ।

चीनीया भाषाको सम्बन्धमा मालिकले भन्नुभयो “यदि तपाईंमा भावना आयो भने तपाइँ सबै कुराहरू सिक्न सक्नु हुन्छ । म चीनीया भाषा सिक्दैछु । अंग्रेजी भाषामा ५२ किसिमका सुरहरू प्रयोग हुन्छन् जब कि चीनीया भाषामा चारवटा मात्रै छ । चीनीया भाषा मिठो र अर्थपूर्ण छ । उदाहरणको लागि चीनीया भाषामा Happy को लागि दुई वटा अक्षर छ जसको अर्थ ‘आफ्नो हृदय खुल्ला गर’ हुन्छ । अक्टोबर ७ चीनीया सेमिनारको अन्ति थियो । मालिकले अभ्यासीहरूलाई करिब पैंतालिस मिनेटको सिटिङ्ग दिनु भयो । सिटिङ्ग पश्चात मालिक अत्यन्त थकित हुनु भएको थियो तथापि उहाँले केही अभ्यासीहरूलाई भेटनु भयो, तिनीहरूको अभिवादन गर्नु भयो र विश्रामको लागि जानु भयो ।

**“ प्रत्येक व्यक्तिले जीवन प्राप्त गरेको हुन्छ तर हामीले जीवनमा जीवन खोज्नु परेको छ, जुन अन्तिममा गएर आफ्नै सत्वमा विलयन हुन्छ ।”**



*Complete Works of Ram Chandra, Vol. 3, Pg. 147*

## ब्रदर कमलेशको गुजरातको भ्रमण

ब्रदर कमलेश एघार सेप्टेम्बरको दिन अहमदाबाद आइपुग्नु भयो । यदपि, यो उहाँको व्यक्तिगत भ्रमण भनेर घोषणा गरिएको थियो उहाँले आफ्नो बसाईको क्रममा मुख्य केन्द्रहरूको भ्रमण गर्नुभयो ।

१५ तारिखको दिन उहाँले अहमदावादको अबलज आश्रममा सत्सङ्ग सञ्चालन गर्नुभयो जसमा नौ सय अभ्यासीहरू जम्मा भएका थिए र उहाँले नियमित साधनाको महत्वलाई जोड दिदैं प्रवचन दिनुभयो । उहाँले यो पनि व्याख्या गर्नुभयो कि हामीले आफ्नो चेतनालाई अझ बढी निर्मल र सम्वेदनशिल बनाउनु पर्दछ, जसको लागि हामी ध्यान गर्दछौं । अहमदाबादमा उहाँ 'Esoteric Symbol Pendant' को परिचय गराउनु भयो जुन सिमित संस्कारणमा उपलब्ध छ । उहाँले विभिन्न केन्द्रका अभ्यासीहरूको समुहसित भेट गर्नुभयो ।

१६ तारिखको दिन उहाँले कमलपुरको भ्रमण गर्नुभयो र मंगलबारको दिन भाव नगरको लागि प्रस्थान गर्नुभयो । उहाँले मालिकसित बित( ाउनु भएको सबै भन्दा महत्वपूर्ण क्षणको बारेमा प्रश्न सोध्दा उहाँले भन्नु यो उहाँलाई उत्तराधिकारी तोकिदाको क्षण थियो । त्यसपछि उहाँ वडोदरा र सुरतको लागि प्रस्थान गर्नुभयो ।

सुरतमा प्रश्न उत्तरको सत्रमा उहाँले साधनाको धेरै पक्षको बारेमा व्याख्या गर्नुभयो । उहाँले एक जना अभ्यासीको सुरत केन्द्रको एउटा ध्यान हल निर्माण गरेर चन्दा दिने प्रस्ताव स्वीकार गर्नुभयो । त्यसपछि उहाँ नवसारी आश्रमको लागि प्रस्थान गर्नुभयो । जहाँबाट उहाँले पलसादको लागि यात्रा जारी राख्नु भयो । त्यहाँ मानिसहरूलाई भेटे पछि र सत्सङ्ग सञ्चालन गरेपछि उहाँ त्यस रात वडोदरा फर्किनु भयो ।

२१ सेप्टेम्बरमा करिब एक हजार अभ्यासीहरू गुजरातको चारैतिर बाट वडोदरामा जम्मा भएका थिए । आईतबार सतसङ्ग पछि हाम्रो साधनासित सम्बन्धित सूक्ष्म विज्ञानको बारेमा प्रवचन दिनु भयो । अर्को दिन उहाँले आनन्दको भ्रमण गर्नुभयो र २५ तारिखमा अहमदाबाद फर्किनु भयो । २७ तारिखको दिन उहाँले अदलज आश्रमको भ्रमण GITP कार्यक्रमको उद्घाटनको लागि गर्नुभयो जस्मा गुजरात, राजस्थान महाराष्ट्र र मध्य प्रदेशका पचहत्तर जना अभ्यासीहरूले भाग लिएका थिए ।



३० तारिखको दिन उहाँले कादीमा सत्सङ्ग सञ्चालन गर्नुभयो जसमा कादी, पालनपुर, मेहसना, कालोल र उन्झाका करिब एकसय पच्चिस अभ्यासीहरूले भाग लिएका थिए । जसमध्ये धेरै जना नयाँ आकांक्षीहरू थिए । ब्रदर कमलेशले तिनीहरूलाई जीवनमा यो जस्तो सूक्ष्म पद्धति स्वीकार गर्नुको महत्वको बारेमा व्याख्या गर्नुभयो । पछि, कालोलमा उहाँले अहमदाबादको लागि प्रस्थान गर्नु अगाडि केही समय बिताउनु भयो । अक्टुबर दुईको दिन उहाँले गुजरातको आफ्नो भ्रमण पुरा गर्नुभयो र चेन्नाईको लागि प्रस्थान गर्नुभयो ।





## आश्रम व्यवस्थापन कार्यक्रम

अगस्तको २० देखि २४ सम्म मणपक्कममा पाँच दिने कार्यक्रम सञ्चालन भयो जसमा देश भरी आश्रम म्यानेजर, स्वयं सेवाका आकांक्षीहरू सेन्टर इन्चार्जका करिब पैतालिस जना सहभागी थिए । यसको लागि मालिकद्वारा प्रोत्साहन गरिएको थियो, उहाँले यो औंल्याउनु भयो उहाँ आश्रम व्यवस्थापनमा व्यवसायिक दृष्टिकोण रहेको हेर्न चाहनुहुन्छ । प्रत्येक दिनको लागि एउटा विषय प्रदान गरि एको थियो - जुन हाम्रो आश्रमको एउटा दुर दृष्टि सृजना गर्न आश्रमको उपयोगता प्रभावकारी ढङ्गले गर्न हाम्रो आश्रमलाई आध्यात्मिकताका जिज्ञासुहरूलाई सेवा गर्न व्यवस्थित गर्न तथा हाम्रो आश्रमको कार्य सञ्चालनमा आपसी विश्वासको संस्कृति विकास गर्ने विषय समावेश थिए । कार्यक्रममा सत्सङ्गहरू, प्रवचनहरू, प्रस्तुतिहरू, मालिकका प्रवचनका भिडियो रेकर्डिङ्ग, समुहगत छलफल र सबैभन्दा महत्वपूर्ण कुरा मणपाक्कम आश्रमको बत्तीस वटा विभागको भ्रमण रहेको थियो ।

दोस्रो दिन ब्रदर कमलेशले आश्रमको गतिविधिमा प्रवर्द्धन गर्न सकिने विषयहरूमा आफ्नो विचार व्यक्ति गर्नुभयो र त्यसको लागि हामीले सृजना गर्न खोजेको न्यानो वातावरण प्राप्त गर्न प्रयत्नरत हुनु पर्दछ । आफ्नो स्वास्थको असुविधाको बावजुद मालिकले पछिल्लो दुई दिनमा अभ्यासीहरूलाई सम्बोधन गर्नुभयो । अन्तिम दिनमा सतसङ्ग सञ्चालन गरेपछि उहाँले एउटा प्रवचन दिनु भयो जसमा उहाँले यस कुरामा जोड दिनु भयो कि आश्रमको व्यवस्थापन सही रूपमा प्रत्येक व्यक्तिको आन्तरिक व्यवस्थापन शुरु हुन्छ अर्थात हामी प्रत्येकले आफ्नो हृदयमा एउटाआश्रम निर्माण गर्नु पर्दछ । उहाँले भन्नुभयो कि आश्रम व्यवस्थापनले सहज मार्गको जीवनयापन ढङ्गलाई समग्रतामा प्रतिनिधित्व गर्दछ ।



## पाचोर, मध्य प्रदेश - एउटा नयाँ केन्द्र

२ अक्टुबरमा मध्य प्रदेशको राजगढ जिल्लाको पाचोरमा पाचोर र छेउछाउका करिब एक सय पचास आकांक्षीहरूको लागि एउटा ओपेन हाउस कार्यक्रम सञ्चालन गरिएको थियो । सिस्टर रुचि श्रीवास्तवद्वारा परिचयात्मक प्रवचन पश्चात ब्रदर प्रभाकर दासले आध्यात्मिकताको आवश्यकता, सहज मार्गका मालिकहरू तथा मिशनले अर्पण गरेका सेवाहरूको बारेमा बोल्नु भयो । सिस्टर सङगीता दासले साधनाका विविध पक्ष तथा हाम्रो दैनिक जीवनमा यसको प्रभावको बारेमा बोल्नु भयो । त्यसपछि एउटा अनौपचारिक अन्तरक्रिया कार्यक्रम सञ्चालन भयो तत्पश्चात पच्चीस जना आकांक्षीहरूले अभ्यास सुरु गर्ने इच्छा व्यक्त गरे । तिनीहरूलाई, तिनीहरूको भूमिका तथा अभ्यासमा तिनीहरूबाट अपेक्षा गरिएको प्रतिवद्धताको बारेमा विस्तृत रूपमा बताइयो । तिनीहरू मध्ये दश जनाले तत्कालै सिटिङ्ग लिए र बाँकीले त्यसपछिको हप्तामा । यस प्रकारले मध्य प्रदेशको एउटा भागमा एउटा नयाँ केन्द्र स्वभाविक रूपले बन्न आयो ।

## आन्ध्र प्रदेशको कोलाकालुरुमा क्षेत्रिय आश्रम

गुन्टुरको काजीपेटमा एम.जि.ब्रदर्स रियलस्टेटद्वारा करिब पच्चास एकड जग्गा किनियो, जसले गुन्टुर विजयवाडा, तेनालि र मंगलागिरीका अभ्यासीहरूको आध्यात्मिक आवश्यकताको सेवा पुरा गर्दछ । करिब १८.७५ एकड जमिन आश्रमको लागि छुट्टाइयो र बाँकी अभ्यासी हरूलाई श्री पार्थसारथी नगर आवासीय कोलोनीको लागि छुट्याइयो ।

मालिकको आर्शिवादको फलस्वरूप २ फेब्रुअरी २०१२ मा ब्रदर मधु कोठापल्लीद्वारा जग्गाको ढुङ्गा बसालियो र सेप्टेम्बरको दिन विहानको ११:०० बजे मालिकद्वारा लाईभ टेलिकाष्टद्वारा उद्घाटन गर्नुभयो तथा पूज्य बाबुजी महाराजलाई समर्पण गरियो । मालिकले यो उल्लेख गर्नुभयो "आश्रमहरूको सदुपयोग गरिनु पर्दछ र यो विद्यार्थीहरू नभएको विद्यालय जस्तो नहोस ।" कोलाकालुरुको अभ्यासीहरूले यस अवसरलाई पूर्ण उत्साही हृदयद्वारा मनाए । यहाँ नियमितरूपमा सत्सङ्ग र फुल डे कार्यक्रम सञ्चालन भइरहेको छ ।

# नेपालको समाचारहरु

## बस्तिपुर सेन्टर भ्रमण

बस्तिपुर सेन्टरको विकासलाई निरन्तरता दिन प्रशिक्षक ब्रदर देवकि नन्दन विहानी र अभ्यासी सिस्टर स्वाती शर्मा विहिबार सेप्टेम्वर ५ तारिखको दिन बस्तिपुर जानुभयो। त्यँहा उहाँले त्यसै दिन ६ जना अभ्यासीहरुलाई इन्ट्रोडक्टरी सिटिङ्ग दिनुभयो र भोलि पल्ट सेप्टेम्वर ६ तारिखको दिन जम्मा ३ जनालाई इन्ट्रोडक्टरी सिटिङ्ग दिनुभयो। हाल सम्म बस्तिपुर सेन्टरमा जम्मा ३६ जना अभ्यासी भए । साथै त्यहाँ सिस्टर स्वातीले अभ्यासीहरुलाई सहज मार्ग अभ्यासको बारेमा जानकारी गराउनु भयो ।

ब्रदर देवकि नन्दन विहानीजीले ७ सेप्टेम्वर, शनिवारको विहानको ७:३० देखि ८:३० को नियमित सत्सगं पनि संचालन गर्नु भयो र त्यस पश्चात उहाँहरु विरगजं फर्कनुभयो ।

## नेपालगजं सेन्टर भ्रमण

नेपालगजं सेन्टरको विकासलाई थप सहयोग गर्न महाकाली जोनल सेक्रेटरी प्रशिक्षक ब्रदर दिवान चन्द विहिबार सेप्टेम्वर २६ तारिखको दिन तीनदिने भ्रमणको लागि नेपालगजं जानुभयो । त्यँहा उहाँ र प्रशिक्षक ब्रदर रमेश बहादर शाह मिलेर ४ जना अभ्यासीहरुलाई इन्ट्रोडक्टरी सिटिङ्ग दिनुभयो। २८ तारिख शनिवारको सत्सगं पछि ध्यानको बारेमा र त्यस पछि Whispers from the Brighter World को बारेमा चर्चा भयो।

## महेन्द्रनगर सेन्टर

यस पटक महेन्द्रनगर सेन्टरका जम्मा ५ जना अभ्यासीहरु ८ अक्टोवर २०१३ मा सत्खोलमा गए र ९ तारिखमा भएको GITP को एकदिने डायरी लेखन सम्बन्धि कार्यक्रममा भागलिएर १० तारिख महेन्द्रनगर फर्के। यस भन्दा अघि सत्खोलमा भएको सफाई सम्बन्धि कार्यक्रममा पनि महेन्द्रनगर सेन्टरका अभ्यासीहरु सहभागी भएका थिए।

# होसुर अभ्यासी कोलोनी

राम्रो योजना र कार्यान्वयनको एक राम्रो उदाहरण



अभ्यासी रेसिडेन्सियल कोलोनी जुन शिघ्र गतिमा विकसित भइरहेको छ। जसमा अभ्यासीहरूको लागि गुणात्मक जीवनको लागि आवश्यक पर्ने पूर्वाधार हरू समावेश भएका छन्, अरु अभ्यासी कोलोनीहरूको लागि पनि नमूना हुन पुगेको छ । विस्तृत आर्थिक योजना र टिमवर्कको परिणाम स्वरूप होसुर आश्रमको नजिक नमूना कोलोनी निर्माण हुन पुगेको हो।

होसुर तमिलनाडु सरकारले प्रवर्द्धन गरेको एउटा औधोगिक केन्द्र हो जुन पूर्वि बैङ्लोरबाट पच्चिस कि.मि. मात्रै पर अवस्थित छ। होसुरका आश्रमको लागि जग्गा खोज्ने काम सन् १९९५ मा नै सुरु भएको थियो। सन् २००९ मा परिश्रमको फल प्राप्त भयो जसमा होसुर बस स्ट्यान्डबाट करिब पाँच किलो मिटर पर केलावरापल्लीको बाँधको मुखतर्फ अभलापल्लि गाउँमा प्राप्त हुन गयो। ब्रदर सि. राजगोपालन जो त्यस समय जोनल इन्चार्ज हुनु हुन्थ्यो उहाँले स्थानको भ्रमण गर्नुभयो र अगाडि बढ्ने अनुमति प्रदान गर्नुभयो।

## उहाँको दुरदृष्टि

धेरै वर्ष पहिलो जब एक जना अभ्यासीले होसुर आश्रमको लागि जग्गा दान दिन खोजेको थिए, मलिकले जवाफ दिनुभयो “होसुर लाई धेरै एकड आवश्यक पर्दछ । उहाँको दुरदृष्टि त्यस बेला साक्षात्कार भयो जब उहाँको कृपाले १३.८ एकड जग्गा किनियो जसमध्य ४.७५ एकड जग्गा आश्रमको लागि सुरक्षित गरियो र बाँकी जग्गा एउटा अभ्यासी कोलोनी निर्माण गर्न छुट्याइयो। आश्रमको जग्गाको रजिष्ट्रेशन ज्वाईन्ट सेकेरेटरी ब्रदर ए.पि. दुरैले २२ जनवरी २०१० मा गर्नुभयो। मालिक यस टिम वर्कबाट खुशी हुनुभयो र यसको नाम “प्रगति ईन्क्लेभ” राख्नु भयो।

## कोर टिम

आर्थिक मामिला, पूर्वाधार, कानुनी विषयहरूको बारेमा निर्णय

गर्न एउटा कोर टिम बनाइयो । टिमले अभ्यासीहरूसित समन्वय गरेर छलफल गरेर निर्णयहरू गरिए । तिनीहरू प्लटको मूल्य, हाउजिङ्ग इन्फ्रास्ट्रक्चर तथा दीर्घकालिन व्यवस्थापनलाई ध्यानमा राखेर सञ्चालन प्रकृया निर्माण गरे ।

## पूर्वाधारः

यहाँ करिब १०२ वटा प्लटहरू छन्, प्रत्येक प्लट करिब २४०० स्कावायर फिट रहेको छ । अहिले उपलब्ध पूर्वाधारमा कम्पाउण्ड वाल, आंधिबाट आउने पानी छेक्ने पर्खाल, ठूलो पानी टयाङ्की जसको एक लाख क्यूविक लिटर पानी राख्ने क्षमता छ, दुई वटा बोरिङ्ग छ र सबै आश्रममा पानी जाने व्यवस्था छ । कंक्रिट सडक, एउटा सामुदायिक हल (अहिले ध्यान हलको रुपमा प्रयोग हुन्छ) केटा केटीको लागि खेल मैदान र साझा पार्कको व्यवस्था छ । करिब सातसय रूखहरू रोपिएका छन् जसले आश्रमको सुन्दरतामा बृद्धि गरेको छ । प्रत्येक प्लटको लागि बिजुलीको लाईन जोडिएको छ । २४/७ कै लागि सुरक्षा व्यवस्था एउटा जर्मन शेफर्डले गर्दछ । आगामी योजनाहरूमा सौर्य बत्तीको स्थापना पुरै क्षेत्रमा गर्ने र वर्षादको पानी जम्मा गर्ने व्यवस्था पुरा गरिनेछ ।

## कम्यूनिटी लिभिङ्ग

तीन वर्षको छोटो अवधिमा उक्त क्षेत्रमा दशवटा घरहरू बनिसके । दुई वटा निर्माणधिन छन् र अरु पनि छिट्टै बन्दै छन् । आश्रमको वातावरण पाउँदा अभ्यासीहरू खुशी छन् । सबै जनाले यो आत्मसात गरेका छन् कि मालिकले प्रदान गर्नुभएको यो एउटा ठूलो अवसर हो जुन एउटा ठूलो परिवारको रूपमा सँगै बसेर भातत्व र सहनशिलता विकास गर्ने अवसर हो । आश्रमको पवित्र र शान्त वातावरणले तिनीहरूलाई आफ्नो आत्म निरीक्षण गर्न मद्दत गर्दछ र तिनीहरूलाई एउटा आदर्श अभ्यासी बन्न तर्फ डोऱ्याउँदछ । सबैको भावना यो छ कि एक पटक क्याम्पसमा आएपछि बाहिर जान मन लाग्दैन । समुदायमा बसिरहेका वालवालिकाहरू प्राकृतिक वातावरणमा



खेल्न र अन्वेषण गर्न र एउटा सन्तुलित वातावरणमा बसेर एक आर्कासित बाँधिन पाइरहेका छन् ।

अभ्यासीहरूको मद्दतद्वारा आश्रमको जग्गामा उत्पादन गरिएका मौसमी तरकारी र दालहरूको व्यवस्था गरिन्छ । व्यक्तिगत करेसा बारीमा उत्पादन गरिएका तरकारी पनि बाँडिन्छ । यस्तो कम्यूनिटीमा बस्तुको सबैभन्दा ठूलो लाभ यो हो कि सबै अभ्यासीहरू एउटा साझा लक्ष्य प्राप्त गर्नसाग बसेका छन्, माथिल्लो स्तरको भातृत्वको अभिवृद्धि र आपसी विश्वास र सहनशिलता विकास गर्न खोजिरहेका छन् । पवित्र, स्वच्छ र वातावरण मैत्री वातारणले यहाँ भ्रमण गर्ने सबैको स्वागत गर्दछ ।

## आश्रमको योजना

मालिकले आश्रम निर्माणको लागि आफ्नो स्वीकृति प्रदान गर्नु भएको छ । अन्तिम डिजाईन र स्वीकृतिको काम मुख्यालयमा भइरहेको छ । जसमा ध्यान हल आवास र भान्साघरमा पनि छ । वर्तमानमा सत्सङ्ग अर्धस्थायी हलमा भइरहेछ जुन पछि कुनै अर्को उपयोगमा ल्याइनेछ । त्यसै गरेर अस्थायी भान्साघर र एउटा पाहुना घर पनि स्थापना गरिएको छ । अन्य केन्द्र/आश्रम यो जनाकार यस कोलोनी र आश्रमको भ्रमणबाट लाभान्वित हुनेछन् ।







To download or subscribe to this newsletter, please visit http://www.sahajmarg.org/newsletter/india For feedback, suggestions and news articles please send email to in.newsletter@srcm.org

© 2013 Shri Ram Chandra Mission ("SRCM"). All rights reserved. “Shri Ram Chandra Mission", "Sahaj Marg", “SRCM”, “Constant Remembrance” and the Mission's Emblem are registered Trademarks of Shri Ram Chandra Mission.This Newsletter is intended exclusively for the members of SRCM. The views expressed in the various articles are provided by various volunteers and are not necessarily those of SRCM.